annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २९७ पृष्ठ ८ | काठमाडौं, आइतबार १८ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष तृतीया, नेपाल संवत् ११४५ | SUNDAY, MARCH 2, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

टिप्पणी



## ट्रम्प–जेलेन्स्की वाकयुद्ध, विश्व कूटनीतिकै उपहास

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीबीचको भेटवार्तामा भएको सम्वादको नोकझोक र आरोप–प्रत्यारोपले 'विश्व कूटनीतिकै' एक लज्जास्पद दृश्य देखा पर्‍यो। दुई देशका राष्ट्रपतिको वार्ता मर्यादित, संयमित र आदरार्थी हुने परम्परालाई तोड्दै 'कूटनीतिक मर्यादाको सामान्य ख्याल पनि नगरिएको' भन्दै विश्वका नेताहरूले चिन्ता व्यक्त गरेका छन्। शुक्रबार ह्वाइट हाउसस्थित ओभल अफिसमा ट्रम्प र जेलेन्स्कीबीच बैठक सुरु हुनेबित्तिकै चर्काचर्की पर्‍यो। सामान्य शिष्टताको पनि ख्याल गरिएन। वार्ता निकै तिक्ततापूर्ण भयो र जेलेन्स्कीलाई ह्वाइट हाउसबाट निकालियो।

रामकला खड्का | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## अवैध रूपमा सञ्चालित १५ अस्पताल बन्द गर्न निर्देशन



**रौतहट** (अन्नपूर्ण) : मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले रौतहटको चन्द्रपुर नगरपालिकामा सञ्चालित १० वटा र महोत्तरीको बर्दिबासमा रहेका ५ वटा अस्पताल बन्द गर्न निर्देशन दिएका छन्। अस्पताल अनुगमनका क्रममा रौतहट आएका मुख्यमन्त्री सिंहले अवैध तथा अनधिकृत रूपमा सञ्चालनमा रहेका अस्पताल बन्द गर्न निर्देशन दिएका हुन्।

शनिबार अनुगमनका क्रममा दर्ता र मापदण्डबिना चन्द्रपुर नगरपालिकामा सञ्चालित १० वटालाई बन्द गर्न निर्देशन दिएका हुन्। चन्द्रपुर नगरपालिकामा सञ्चालित हाईवे ट्रमा हस्पिटल एन्ड रिसर्च सेन्टर, सिभिल हयुमन हस्पिटल एन्ड रिसर्च सेन्टर, पब्लिक लाइफ केयर पोलिक्लिनिक, हिमालयन पोलिक्लिनिक चन्द्रपुर, एपोलो हस्पिटल, चपुर सिटी हस्पिटल, चन्द्रनिगाहपुर अर्थोपेडिक एन्ड जनरल हस्पिटल, चन्द्रपुर सामुदायिक हस्पिटल, चन्द्रपुर आँखा तथा दाँत उपचार केन्द्रलाई मापदण्ड पूरा गरी दर्ता गरेर मात्र सञ्चालन गर्न मुख्यमन्त्री सिंहले निर्देशन दिए।

भर्ना भएका बिरामीलाई अन्यत्र भर्ना गरेर पैसा तिराउने काम बन्द गर्न निर्देशन दिँदै मुख्यमन्त्री सिंहले लिखित पत्रसमेत दिएका छन्। ११ वटा अस्पतालको अनुगमन गर्दा चन्द्रपुर हस्पिटल मात्र दर्ता गरी सञ्चालनमा रहेको पाइएको थियो। सेवा सञ्चालन अनुमति लिएर मात्र अस्पताल सञ्चालन गर्न उनले निर्देशन दिए।

त्यस्तै, मुख्यमन्त्री सिंहले महोत्तरीको बर्दिबासमा रहेका पाँचवटा अस्पताल पनि बन्द गर्न निर्देशन दिएका छन्। अनुगमन गरेका ८ अस्पतालमध्ये सेवा सञ्चालन अनुमति नलिएका ५ वटा अस्पताललाई बन्द गर्न निर्देशन दिएका हुन्। बर्दिबासमा सञ्चालित पिनाकल हस्पिटल, सुरक्षा अर्थोपेडिक एन्ड डेन्टल क्लिनिक, ॐ समाज डेन्टल क्लिनिक, खर्गा डेन्टल केयर सेन्टर र खोमुसरा डेन्टल क्लिनिकलाई बन्द गर्न निर्देशन दिएका हुन्। सेवा सञ्चालन अनुमतिपत्र बिनै सञ्चालनमा रहेका अस्पताललाई तत्काल बन्द गर्न निर्देशन दिँदै मुख्यमन्त्री सिंहले विधि र प्रक्रियाअनुसार मापदण्ड पूरा गरी अस्पताल सञ्चालन गर्न सुझाव दिए। यसैगरी अनुगमन क्रममा बर्दिवासस्थित महेन्द्र डेन्टल क्लिनिकले सेवा सञ्चालन स्वीकृति लिएको पाइएको छ।

# एकताको महाकुम्भ, नयाँ युगको बिहानी

**नरेन्द्र मोदी**


पवित्र सहर प्रयागराजमा महाकुम्भ सफलतापूर्वक सम्पन्न भएको छ। एकताको भव्य महायज्ञ सम्पन्न भएको छ। जब कुनै राष्ट्रको सचेतना जागृत हुन्छ, जब त्यो शताब्दीऔं पुरानो अधिनताको मानसिकताको बन्धनबाट मुक्त हुन्छ, तब त्यसले नयाँ ऊर्जाको ताजा हावामा स्वतन्त्र रूपमा सास फेर्छ। यसको परिणाम २०८१ पुस २९ गतेदेखि प्रयागराजमा भएको एकताको महाकुम्भमा देखियो।

अयोध्यास्थित राम मन्दिरको प्राण प्रतिष्ठाको क्रममा २०८० माघ ८ गते मैले देवभक्ति र देशभक्ति-दिव्यशक्ति र राष्ट्रप्रतिको समर्पणका बारेमा कुरा गरेँ। प्रयागराजमा भएको महाकुम्भमा देव तथा देवी, सन्त, महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक र जीवनका सबै क्षेत्रका मानिस एकसाथ भेला भएका थिए। हामीले राष्ट्रको जागृत चेतना देख्ने मौका पायौं। यो एकताको महाकुम्भ थियो, जहाँ यस पवित्र अवसरका लागि १४० करोड भारतीयको भावना एकै ठाउँमा र एकै समयमा सम्मिलित भएको थियो। प्रयागराजको यस पवित्र क्षेत्रमा एकता, सद्भाव र प्रेमको पवित्र भूमि शृंगवेरपुर छ, जहाँ प्रभु श्रीराम र निषादराजको भेट भएको थियो। उहाँहरूको भेट भक्ति र सद्भावको संगमको प्रतीकको रूपमा मानिएको छ। प्रयागराजले आज पनि हामीलाई उही भावनाले प्रेरित गर्छ।

यी ४५ दिनमा मैले देशका कुना-कुनाबाट करोडौं मानिस संगममा आउँदै गरेको देखेँ। संगममा भावनाहरूको लहर उठिरह्यो। प्रत्येक भक्त एउटै उद्देश्यका साथ आएका थिए- संगममा डुबुल्की मार्न। गंगा, यमुना र सरस्वतीको पवित्र संगमले प्रत्येक तीर्थयात्रीलाई उत्साह, ऊर्जा र आत्मविश्वासले भरिदियो। प्रयागराजमा आयोजना भएको यो महाकुम्भ आधुनिक व्यवस्थापन पेशेवरहरू, योजना र नीति विज्ञहरूका लागि अध्ययनको विषय हो।

संसारमा कतै पनि यस स्तरको समानान्तर वा उदाहरण छैन। प्रयागराजस्थित नदीहरूको संगमस्थलको तटमा करोडौं मानिस कसरी भेला भए भनेर संसारले आश्चर्यचकित भएर हेर्‍यो। यी मानिसलाई कहिले जाने भन्ने बारेमा न त कुनै औपचारिक निमन्त्रणा नै थियो, न त पूर्वसूचना नै। तैपनि करोडौं मानिस आफ्नै इच्छाले महाकुम्भका लागि निस्किए र पवित्र जलमा डुबुल्की मारी आनन्द महसुस गरे।

पवित्र स्नानपछि अपार आनन्द र सन्तुष्टि फैलिएका ती अनुहारहरू म बिर्सन सक्दिनँ। महिला, वृद्धवृद्धा, हाम्रा दिव्यांग दाजुभाइ-दिदीबहिनीहरू सबैले संगम पुग्ने अवसर पाए।



भारतका युवाको उल्लेखनीय सहभागिता देखेर मलाई विशेष खुसी लाग्यो। महाकुम्भमा युवा पुस्ताको उपस्थितिले भारतका युवा हाम्रो गौरवशाली संस्कृति र सम्पदाको संरक्षक हुनेछन् भन्ने महत्वपूर्ण सन्देश दिन्छ। उनीहरूले यसको संरक्षण गर्ने आफ्नो जिम्मेवारी बुझेका छन् र यसलाई अगाडि बढाउन प्रतिबद्ध छन्। यस महाकुम्भका लागि प्रयागराजमा आइपुगेका मानिसको संख्याले निःसन्देह नयाँ रेकर्ड बनाएको छ। तर, भौतिक रूपमा उपस्थित भएका बाहेक प्रयागराज पुग्न नसकेका करोडौं मानिस पनि यस अवसरसँग भावनात्मक रूपमा गहिरो रूपमा जोडिएका थिए। तीर्थयात्रीहरूले फर्कँदा ल्याएको पवित्र जल करोडौं मानिसका लागि आध्यात्मिक आनन्दको स्रोत बन्यो।

महाकुम्भबाट फर्केका धेरैलाई उनीहरूको गाउँमा सम्मानका साथ स्वागत गरियो र समाजले पनि सम्मान गर्‍यो। पछिल्ला केही हप्तामा जे

> ४५ दिनमा देशका कुना-कुनाबाट करोडौं मानिस संगममा आउँदै गरेको देखेँ। संगममा भावनाहरूको लहर उठिरह्यो।

> आफ्नो सम्पदामा गर्व गर्ने भारत अब नयाँ ऊर्जाका साथ अगाडि बढिरहेको छ। मलाई विश्वास छ यो नयाँ युगको बिहानी हो जसले नयाँ भारतको भविष्य कोर्ने छ।

> महाकुम्भले हजारौं वर्षदेखि भारतको राष्ट्रिय चेतनालाई बलियो बनाएको छ।

भयो त्यो अभूतपूर्व रहेको छ र यसले आउने शताब्दीहरूका लागि पनि जग बसालेको छ। प्रयागराजमा कसैले कल्पना गरेभन्दा पनि धेरै भक्तजन आइपुगे। प्रशासनले कुम्भको विगतको अनुभवको आधारमा उपस्थितिको अनुमान गरेको थियो। यस एकताको महाकुम्भमा लगभग संयुक्त राज्य अमेरिकाको दोब्बर जनसंख्याले भाग लिए। यदि आध्यात्मिक क्षेत्रका विद्वान्हरूले करोडौं भारतीयको उत्साहजनक सहभागिताको विश्लेषण गरे भने उनीहरूले थाहा पाउनेछन् कि आफ्नो सम्पदामा गर्व गर्ने भारत अब नयाँ ऊर्जाका साथ अगाडि बढिरहेको छ। मलाई विश्वास छ कि यो नयाँ युगको बिहानी हो जसले नयाँ भारतको भविष्य कोर्ने छ।

महाकुम्भले हजारौं वर्षदेखि भारतको राष्ट्रिय चेतनालाई बलियो बनाएको छ। प्रत्येक पूर्णकुम्भमा सन्त, विद्वान् र विचारकहरूको भेला हुने गर्थ्यो, जसले आफ्नो समयमा समाजको अवस्थाका बारेमा विचार-विमर्श गर्थे। उनीहरूको चिन्तनले राष्ट्र र समाजलाई नयाँ दिशा प्रदान गर्थ्यो। प्रत्येक ६ वर्षमा हुने अर्धकुम्भमा यी विचारहरूको समीक्षा गरिन्थ्यो। १४४ वर्षको अवधिमा हुने १२ पूर्णकुम्भपछि, प्रचलित समयसँगै अगाडि बढ्न अप्रचलित परम्पराहरू त्यागिए र नयाँ विचारहरू अँगालिए। १४४ वर्षपछि भएको यस महाकुम्भमा हाम्रा सन्तहरूले भारतको विकास यात्राका लागि फेरि एक पटक हामीलाई नयाँ सन्देश दिएका छन्। त्यो सन्देश हो, विकसित भारत। यस एकताको महाकुम्भमा हरेक तीर्थयात्री, चाहे धनी होस् वा गरिब, युवा होस् वा वृद्ध, गाउँ होस् वा सहर, भारत होस् वा विदेश, पूर्व होस् वा पश्चिम, उत्तर होस् वा दक्षिण, जात, धर्म र विचारधारा जस्तोसुकै भए पनि सबै एकसाथ आए। यो एक भारत श्रेष्ठ भारतको दृष्टिकोणको मूर्तरूप थियो, जसले करोडौं मानिसमा विश्वास भरेको थियो। अब हामी विकसित भारत निर्माणको लक्ष्यका लागि उही भावनामा एकसाथ आउनुपर्छ।

मलाई त्यो घटनाको सम्झना आउँछ, जतिबेला बालरूप श्रीकृष्णले आफ्नो मुखभित्रको सम्पूर्ण ब्रह्माण्डको झलक आफ्नी आमा यशोदालाई प्रकट गर्नुभएको थियो। त्यसैगरी, यस महाकुम्भमा भारत र विश्वका जनताले भारतको सामूहिक शक्तिको विशाल सम्भावनाको साक्षात्कार गरेका छन्। अब हामीले यो आत्मविश्वासका साथ अगाडि बढ्नुपर्छ र विकसित भारत निर्माणमा आफूलाई समर्पित गर्नुपर्छ। पहिले, भक्ति आन्दोलनका सन्तहरूले भारतभरि हाम्रो सामूहिक संकल्पको शक्ति पहिचान र प्रोत्साहन गरेका थिए। प्रत्येक महान् विचारक, स्वामी विवेकानन्ददेखि श्री अरविन्दसम्मले हामीलाई हाम्रो सामूहिक संकल्पको शक्तिको सम्झना गराए। महात्मा गान्धीले पनि स्वतन्त्रता आन्दोलनको क्रममा यसको अनुभव गरेका थिए। स्वतन्त्रतापछि यदि यो सामूहिक शक्तिलाई सही रूपमा पहिचान गरिएको भए र सबैको कल्याणलाई बढावा दिन प्रयोग गरिएको भए, यो नयाँ स्वतन्त्र राष्ट्रका लागि एक महान् शक्ति बन्ने थियो।

दुर्भाग्यवश, यो पहिले नै गरिएन। तर, अब विकसित भारतका लागि जनताको यो सामूहिक शक्ति एकसाथ आएको हेर्न पाउँदा म हर्षित छु। वेददेखि विवेकानन्दसम्म, प्राचीन शास्त्रदेखि आधुनिक उपग्रहसम्म, भारतका महान् परम्पराहरूले यस राष्ट्रलाई आकार दिएका छन्। एक नागरिकको रूपमा म प्रार्थना गर्दछु कि हामी हाम्रा पुर्खाहरू र सन्तहरूको सम्झनाबाट नयाँ प्रेरणा लिन सकौं।

यो एकताको महाकुम्भले हामीलाई नयाँ संकल्पहरू लिएर अगाडि बढ्न मद्दत गरोस्। आउनुहोस्, हामी एकतालाई हाम्रो मार्गदर्शक सिद्धान्त बनाऔं। राष्ट्रको सेवा नै ईश्वरको सेवा हो भन्ने बुझाइका साथ काम गरौं। काशीमा चुनावी अभियानको क्रममा भनेको थिएँ, 'गंगा माताले मलाई बोलाउनुभएको छ।' यो केवल भावनामात्र थिएन तर हाम्रा पवित्र नदीहरूको स्वच्छताप्रति जिम्मेवारीको आह्वान पनि थियो। प्रयागराजस्थित गंगा, यमुना र सरस्वतीको संगममा उभिएर मेरो संकल्प अझ बलियो भयो।

» बाँकी पृष्ठ ६